नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(विकास सहायता समन्वय शाखा)

सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७७।७८

मितिः२०७७।१०।१४

चलानी नं.:- १४८

विषयः साना विकास परियोजना सम्बन्धमा ।

श्री स्थानीय तह (सवै) ।

प्रस्तुत विषयमा भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना (Small Development Project) अन्तर्गत परियोजना छनौट तथा सञ्चालनका लागि विभिन्न स्थानीय तहहरुवाट माग भई आएका आवश्यक कागजातहरु पुरा भएका परियोजना प्रस्तावहरु यस मन्त्रालयबाट अर्थ मन्त्रालय मार्फत भारतीय दूतावासमा सिफारिश गरिदै आएको छ ।

यसरी विभिन्न स्थानीय तहबाट परियोजना प्रस्तावहरु प्राप्त गरी सिफारिस गर्ने क्रममा कतिपय स्थानीय तहहरुबाट पाँच करोड भन्दा बढी लागत अनुमान भएका परियोजनाहरु, परियोजनाको क्षेत्र भन्दा भिन्न क्षेत्रका परियोजनाहरु र परियोजना सिफारिस गर्दा समावेश गर्नु पर्ने सवै कागजात समेत संलग्न नगरी परियोजना प्रस्ताव पठाउने गरेको देखिन्छ ।

तसर्थ, साना विकास परियोजना कार्यक्रम अन्तर्गत परियोजना सञ्चालनका लागि प्रस्ताव पठाउँदा स्थानीय तहहरुले देहायको विषयहरुमा आधारित रहेर मात्र परियोजनाहरु प्रस्ताव गर्न आदेशानुसार अनुरोध छ ।

**साना विकास परियोजना कार्यक्रम अन्तर्गत पेश गर्न सकिने पूर्वाधार सम्बन्धी योजना/कार्यक्रमका क्षेत्रहरु**

- सामुदायिक बिद्यालय भवन, प्रारम्भिक बाल बिकास केन्द्र, पुस्तकालय,
- अस्पताल,स्वास्थ्य चौकी,योग केन्द्र, रक्त सञ्चार केन्द्र र प्रसुती केन्द्र (Birthing Centre),
- फोहरमैला व्यवस्थापन,
- खानेपानी आयोजना र
- कृषि पूर्वाधार निर्माण (सिंचाई, शित भण्डार तथा कृषि उपज प्रवर्द्धन केन्द्र) ।

**परियोजनाहरुको प्रस्ताव पेश गर्दा अनिबार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु**

- परियोजनाहरुको विस्तृत परियोजना प्रतिबेदन (DPR),
- सम्बन्धित स्थानीय तहको लागत साझेदारीको प्रतिबद्धता सहितको सम्बन्धित गाँउनगर कार्यपालिकाको निर्णय / तथा औपचारिक पत्र,
- पूर्वाधार निर्माणका लागि आबश्यक जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण र
- भवन निर्माण सम्बन्धी परियोजनाको सन्दर्भमा माटो परीक्षण प्रतिवेदन ।

पुनश्च :- साना विकास परियोजना अन्तर्गत परियोजनाहरुको प्रस्ताव पेश गर्दा पाँच करोडसम्मको लागत अनुमान भएका परियोजनाहरुको मात्र प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

सुदर्शन दाहाल

शाखा अधिकृत